जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा

प्रदेश नं. २, नेपाल

पत्र संख्या ०७६/०७७

चलानी नं.: २५६८

मिति: २०७६/९/२१

श्री वडा कार्यालय सबै (२४ वटै)

जीतपुरसिमरा उपमहानगरपालिका, बारा

**बिषय: बेरोजगार फारम भरेका ब्यक्तिहरुले अपुग कागजात पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.ब. २०७५/०७६ को चैत्र र बैशाखमा बेरोजगार व्यक्तिहरुले भरेका फारमहरुमा धेरै निवेदकले आवश्यक विवरण नभरिएको पाइएको छ । उक्त फारमहरुको विवरणहरुलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको EMIS मा प्रविष्ट गर्नु पर्ने तथा भविष्यमा सोहि विवरणको आधारमा परिचय पत्र वितरण भई रोजगारी प्रदान गरिने र आवश्यक नियमानुसार निर्वाह भत्ता समेत वितरण गरिने भएकोले ईच्छुक सूचीकृत बेरोजगार ब्यक्तिहरुको अपुग कागजात बुझी फारमको विवरण पूर्ण गराउनुहुन अनुरोध छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट स्वीकृत भई आएका आयोजनाहरु संचालनमा सूचीकृत बेरोजगार व्याक्तिलाई घटाउनु पर्नेहुदा ठहर भएका बेरोजगार व्यक्तिहरुको निवेदन सहितको सूची वडा समितिबाट निर्णय गराई वडा अध्यक्षको सिफारिस सहित **मिति २०७६/१०/१५ गते भित्रमा रोजगार सेवा केन्द्रमा पठाउनुहुन अनुरोध छ** । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले स्वीकृत करी लागू गरेको **बेरोजगारको पहिचान गर्ने प्रक्रिया, मापदण्ड तथा मार्गदर्शन** यसै पत्रसाथ संलग्न गरिएको जानकारि गराईन्छ ।

यदि फारमको आवश्यक विवरण नभरेको खण्डमा ONLINE EMIS मा दर्ता नहुने हुदा त्यस्ता अधुरो निवेदन मान्य नहुने समेत यसै पत्रद्वारा जानकारी गराईन्छ ।

**फारम भर्दा ध्यानदिनुपर्ने कुराहरु:** फारमको बुंदा नं. २, ३, ७, ९ र १० का विवरणहरु अति आवश्यक भएकोले अनिवार्यरुपमा ती विवरणहरु पूर्ण गराउनुहुन अनुरोध छ ।

**आवश्यक कागजातहरु:**

१. पासपोर्ट साईजको फोटो – एक प्रति

२. निवेदकको नागरिकताको फोटोकपी – एक प्रति

३. प्रतेक परिवारीक सदस्यको नागरिकताको फोटोकपी – एक-एक प्रति (उपलब्ध भएमा)

**थप जानकारिको लागि सम्पर्क नं.** ९८६०५७७२८६, ९८०३७८६४०५

शिवराज सैढाई
प्रमुख प्रशासकीय अधिकृत

..................................
(शिवराज सैढाई)
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

# बेरोजगार पहिचान प्रक्रिया, मापदण्ड तथा मार्गदर्शन

वडा कार्यालयले बेरोजगार व्यक्तिको फारम भरि दर्ता गरेदेखि स्थानीय तहले बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रमको सूची प्रकाशन गर्ने सम्मकोकार्य देहाय अनुसारको प्रकृया अवलम्वन गर्नु पर्नेछ ।



१. बेरोजगार व्यक्तिले वडा कार्यालयमा सूचीकृत हुन फाराम भरी बुझाउने ।

२. वडा कार्यालयले फाराम संकलन र प्रारम्भिक छानविन गरी निवेदनको सूची सहित रोजगार सेवा केन्द्रमा पठाउने ।

३. रोजगार सेवा केन्द्रले वडाबाट प्राप्त सूची सहितका फारामहरुलाई एकिकृत गरी स्थानीय निर्देशक समितिमा पेश गर्ने ।

४. स्थानीय निर्देशक समितिले फारामहरुको छानविन गरी गाउँ / नगर कार्यपालिकामा स्वीकृतिका लागि सिफारिस गर्ने ।

५. गाउँ / नगर कार्यपालिकाले बेरोजगार व्यक्तिको सूची स्वीकृत गर्ने ।

६. रोजगार सेवा केन्द्रले स्वीकृत सूचीका बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम निर्धारण गरी सो को विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्ने ।

७. बेरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सहितको सूची सार्वजनिकिकरण गर्ने ।



Scanned by CamScanner

## न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड

देहायका शर्तहरु पुरा गर्ने कुनै पनि नेपाली नागरिक न्यूनतम रोजगारी कार्यक्रममा संलग्न हुन सक्नेछ:

(क) निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एकसय दिनको रोजगारीमा संलग्न नभएको ।

(ख) निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एकसय दिन रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको ।

(ग) १८ देखि ५९ वर्ष उमेर समुहको ।

(घ) पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।

## वडा कार्यालयबाट निवेदनको छानविन गर्ने प्रकृया

**(क) निवेदकले तोकिएको समयभित्र आवेदन फाराममा भएका सबै विवरण भरी हस्ताक्षर सहितको फाराम आफ्नो स्थायी बसोबास भएको वडा कार्यालयमा बुझाउनु पर्नेछ ।**

**(ख) आवश्यक विवरण र कागजात पुरा गरी प्राप्त भएका निवेदनलाई वडा कार्यालयले दर्ता गरी संकलन गर्नु पर्नेछ ।**

**ग) संकलित निवेदनको वडा कार्यालयले प्रारम्भिक छानविन गरी वेरोजगार ठहर हुन आवश्यक मापदण्ड पुरा गर्ने व्यक्तिहरुको सूची तयार गर्नु पर्नेछ ।**

(घ) प्रारम्भिक छानविनका क्रममा निवेदकबाट फाराममा उल्लेख भए बमोजिमको सम्पूर्ण विवरण प्राप्त भएको नपाइएमा वा प्राप्त विवरणहरु अपूर्ण भएमा वा आवेदक बेरोजगार भए/नभएको जानकारी स्पष्ट हुन नसकेमा वडा कार्यालयले निवेदकबाट आवश्यक थप विवरणहरु माग गर्न सक्नेछ ।

(ङ) थप विवरण माग गर्दा समेत सम्बन्धित व्यक्तिले सबै विवरणहरु उपलब्ध नगराएमा वडा कार्यालयले निजको निवेदनलाई अपूर्ण भएको मानी सो उपर कुनै कारवाही अघि नबढाउन सक्नेछ ।

(च) अपूर्ण वा कारवाही रोकिएको निवेदनका सम्बन्धमा सम्बन्धित वडाले सार्वजनिक सूचना प्रकाशन गरी वा सम्वन्धित व्यक्तिलाई सम्पर्क गरी जानकारी दिनु पर्नेछ ।

## वडा कार्यालयले सिफारीस गर्नुपर्ने:

वडा कार्यालयले प्रारम्भिक छानविन गरी तयार पारेको बेरोजगार ठहर हुन मापदण्ड पुरा गर्ने व्यक्तिहरुको निवेदन सहितको सूची वडा समितिबाट निर्णय गराई वडा अध्यक्षको सिफारिस सहित रोजगार सेवा केन्द्रमा पठाउनु पर्नेछ ।



Scanned by CamScanner